annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३३८, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ वैशाख २०८३ | वैशाख कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | FRIDAY, APRIL 17, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## १० वर्षमा ३०,००० मेगावाट, कति सम्भव ?

**सरकारले १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सार्वजनिक गरेको छ। तर, त्यसका लागि नीतिगत उल्झन हटाउँदै उपयुक्त वातावरण बनाउनुपर्ने जरुरी छ। सरकारी लक्ष्य पूरा भए मुलुकको अर्थतन्त्र चलायमान हुने, रोजगारी बढ्ने र मुलुकले विकासमा फड्को मार्ने विज्ञहरूको भनाइ छ।**

**सुनिता कार्की** | *काठमाडौं*




विस्तृत पृष्ठ २

*स्रोत: इप्पान*

*ग्राफिक्स: रामकृष्ण राना*

## महिनैपिच्छे सांसद र मन्त्रीबाट मात्रै रास्वपाको खातामा ३३ लाख लेबी




**दिनेश गौतम** | *काठमाडौं*

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना मन्त्री र सांसदहरूका लागि मासिक लेबीको दर निर्धारण गरेको छ। पार्टीका अनुसार मन्त्रीहरूका लागि १८ हजार र सांसदका लागि १६ हजार ५ सय रुपैयाँ लेबी तोकिएको हो। मन्त्री र सांसदहरूबाट हुने यो योगदानबाट पार्टीले मासिक रूपमा कुल ३२ लाख ९१ हजार रुपैयाँ संकलन गर्नेछ।

रास्वपाका महामन्त्री कबीन्द्र बुर्लाकोटीका अनुसार बिहीबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले लेबी उठाउने औपचारिक निर्णय गरेको हो। बैठकले मन्त्रीका स्वकीय सचिवहरूका लागि समेत मासिक २ हजार रुपैयाँ लेबी तोक्ने निर्णय गरेको छ। यसका साथै भविष्यमा सांसदहरूले पनि स्वकीय सचिव राख्न पाउने व्यवस्था कार्यान्वयनमा आएमा उनीहरूबाट पनि मासिक २ हजार रुपैयाँका दरले लेबी संकलन गरिने जानकारी दिइएको छ।

२०७९ असार ७ गते स्थापना भएको रास्वपाले गत निर्वाचनमा उल्लेख्य सफलता पाउँदै भन्डै दुईतिहाइ मत हासिल गरेको थियो। रास्वपाबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ निर्वाचित १ सय २५ र समानुपातिकतर्फबाट ५७ जना गरी कुल १ सय ८२ सांसद छन्। प्रतिनिधिसभाका सांसदहरूको नियमित तलब ६७ हजार रुपैयाँ र अन्य भत्तासहित मासिक आम्दानी करिब १ लाख रुपैयाँ पुग्ने गर्दछ।

हाल रास्वपाको एकल सरकारमा १६ सदस्यीय मन्त्रिपरिषद् रहेको छ। पार्टीका १सय ८२ सांसदको संख्याअनुसार मन्त्री र सांसदहरूबाट मासिक रूपमा कुल ३२ लाख ९१ हजार रुपैयाँ लेबी संकलन हुने देखिएको छ। वर्तमान मन्त्रिपरिषद् यथावत् रहेमा प्रधानमन्त्री बालेन्द्र शाह र मन्त्रीहरूबाट मात्रै मासिक २ लाख ८८ हजार रुपैयाँ लेबी उठ्नेछ भने सांसदहरूबाट मात्रै मासिक ३० लाख ३ हजार रुपैयाँ लेबी संकलन हुने देखिन्छ।

पाँच वर्षको अवधिमा पार्टीले लेबीमार्फत मात्रै कम्तीमा १६ करोड रुपैयाँभन्दा बढी रकम संकलन गर्ने निश्चित छ। यसअघि २०७९ सालमा रास्वपाले मन्त्रीहरूबाट ३० हजार र सांसदहरूबाट मासिक २५ हजार रुपैयाँ लेबी उठाउने गरेको थियो, जतिबेला प्रतिनिधिसभामा पार्टीका २१ जना सांसदमात्र थिए।

### लेबी उठाउनमा रास्वपा अग्रपंक्तिमा

रास्वपाले नेकपा एमाले, नेपाली कांग्रेस र नेकपाका सांसदहरूको तुलनामा बढी लेबी संकलन गर्ने निर्णय लिएको हो। २०७९ सालपछि एमालेले सांसदहरूबाट मासिक १३ हजार र कांग्रेसले १० हजार रुपैयाँ लेबी संकलन गरेका थिए। यस पटक विपक्षी दलहरूले लेबीको दर तय गरिसकेका छैनन्। यसअघि तत्कालीन नेकपा माओवादी केन्द्र (हाल नेकपा)ले मासिक १२ हजार रुपैयाँ लेबी उठाउने गरेको थियो।

संसदीय दलको बैठकले पार्टी महामन्त्री बुर्लाकोटीलाई प्रमुख सचेतकको जिम्मेवारी दिने निर्णयसमेत गरेको छ।

» बाँकी पृष्ठ ६

टिप्पणी

## नीतिगत र कानुनी उल्झन हटाउनुपर्छ

**मधुप्रसाद भेटवाल**
स्वतन्त्र ऊर्जा विज्ञ



सरकारले सन् २०३५ सम्मका लागि तय गरेको ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य एउटा अंकको वृद्धि मात्र नभई नेपालको समग्र आर्थिक रूपान्तरणको ठोस खाका हो। यस योजनाअन्तर्गत आगामी १० वर्षभित्र आन्तरिक खपतका लागि करिब १५ हजार मेगावाट र बाँकी १५ हजार मेगावाट छिमेकी मुलुक भारत (१० हजार मेगावाट) तथा बंगलादेशमा (५ हजार मेगावाट) निर्यात गर्ने उद्देश्य राखिएको छ।

हाल भारतीय कम्पनीहरू सतलज र एनएचपीसीले अरुण तेस्रो, तल्लो अरुण, पश्चिम सेती र एसआर-६ जस्ता ठूला आयोजनाहरूमा काम अगाडि बढाइरहेका छन्, जसले निर्यातको आधार तय गरिरहेका छन्। यसका साथै, सन् २०३० सम्ममा दुईवटा उच्च क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरू निर्माण गर्ने लक्ष्यका साथ पूर्वाधार विकासलाई तीव्रता दिइएको छ। यसले भविष्यमा विद्युत् व्यापारलाई थप सहज र व्यवस्थित तुल्याउने अपेक्षा गरिएको छ।

यद्यपि, विद्युत् उत्पादन र व्यापारको सम्पूर्ण भार नेपाल विद्युत् प्राधिकरणले मात्र वहन गर्न नसक्ने यथार्थ स्पष्ट छ। सबै आयोजनाहरूको विद्युत् खरिद सम्झौता (पीपीए) प्राधिकरणले मात्र 'टेक अर पे' मोडलमा गर्दा राज्य र बैंकिङ प्रणालीमा नै ठूलो वित्तीय जोखिम निम्तिन सक्छ।

» बाँकी पृष्ठ ६

## प्रधानमन्त्रीले सुने प्रदेशका अप्ठ्यारा

### 'संघीयता कार्यान्वयनसँग जोडिएका कानुन बनाउँछौं'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री बालेन्द्र शाहले पदभार सम्हालेपछि पहिलोपटक प्रदेशका मुख्यमन्त्रीहरूसँग सामूहिक छलफल गरेका छन्। उनले प्रदेशका मुख्यमन्त्रीलाई सिंहदरबारमा बोलाएर समस्या र सुझाव लिएका छन्। मुख्यमन्त्रीहरूले संविधानले परिकल्पना गरेअनुसार प्रदेशलाई दिनुपर्ने ऐन कानुन बनाउने अधिकार, प्रहरी ऐन र संघीय निजामती कर्मचारी ऐनका विषयमा प्रधानमन्त्रीसँग खुलेर कुरा गरेका छन्। प्रधानमन्त्री शाहले यी आवश्यक ऐनहरू बनाएर संघीयतालाई थप बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे।

नीतिगत गाँठाहरू फुकाउन संघ र प्रदेशको साझा संयन्त्रमार्फत तुरुन्त काम सुरु गर्ने बैठकमा प्रधानमन्त्रीको भनाइ थियो। उनले भने, 'संघ र प्रदेशबीचका हरेक अप्ठ्यारा सुल्झाउन मेरो नेतृत्वको सरकार सदैव तयार छ। त्यसैले तपाईंहरूलाई आफैंले छलफलका लागि राजधानी बोलाएको हुँ।'

प्रधानमन्त्री शाहले प्रदेश आफैंले तत्काल गर्न सक्ने सुधारका कार्यहरू ढिला नगरी अघि बढाउनसमेत निर्देशन दिए। उनले बजेट विनियोजन गर्दा कुनै पनि प्रकारको विभेद नगर्ने कुरा स्पष्ट पारे। बैठक सकेर बाहिरिँदै गर्दा मुख्यमन्त्रीहरूको अनुहारमा छुट्टै उत्साह र चमक देखिएको दाबी प्रधानमन्त्री सचिवालयले गरेको छ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार तीन घण्टा लामो छलफल संघीयता कार्यान्वयनका जटिलता सुल्झाउने उद्देश्यले आयोजना गरिएको थियो। 'यो छलफल औपचारिक बैठकमा मात्र सीमित रहेन, बरु एउटा जीवन्त र साझा समाधान खोज्ने थलो बन्यो। सामान्यतया राजनीतिक भेटघाटहरूमा देखिने कडा 'प्रोटोकल' र औपचारिकता यो बैठकमा कतै देखिएन।

प्रधानमन्त्री शाहले 'इन्टरएक्टिभ' शैली अपनाएर मुख्यमन्त्रीहरूलाई चकित मात्र तुल्याएनन्, उनीहरूमा एउटा नयाँ उत्साहसमेत भरिदिए,' सचिवालयले आफ्नो प्रेस नोटमा भनेको छ।



मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संघीयता थप बलियो बनाउन र सुदृढीकरण गर्न प्रधानमन्त्री प्रतिबद्ध रहेको पाइएको बताए। प्रदेशका प्रशासनिक कार्यहरूमा रहेका अव्यावहारिक कुराहरूलाई सुधार गरी सुशासन कायम गर्ने विषयमा कुरा भएको उनले जानकारी दिए। मुख्यमन्त्रीहरूले प्रदेशले पाउने समानीकरण, सशर्त र विशेष अनुदानको आकार वर्षैपिच्छे घट्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए।

सुरुका वर्षहरूमा दिइँदै आएको र हाल कटौती भएको अनुदानलाई पुरानै अवस्थामा फर्काउन आफूले माग गरेको उनले बताए। 'मधेस सरकारहरूलाई दिइँदै आएको अनुदान पछिल्ला वर्षमा घट्दै गएको छ । यो अनुदान पुरानै अवस्थामा फर्काउन हामीले माग गरेका छौं,' उनले भने, 'यो विषयमा प्रधानमन्त्रीले सकारात्मक उत्तर दिनुभएको छ।' उनले मधेस प्रदेशका लागि न्यायोचित राजस्व बाँडफाँट गर्न माग गरिएको समेत जानकारी दिए।

मधेस प्रदेशलाई 'देशको अन्न भण्डार' को रूपमा विकास गर्न नयाँ परियोजनाहरूमा संघ सरकारको सहयोग मागिएको उनले बताए। किसानका लागि धानलगायतका बालीको समर्थन मूल्य सरकारले नै ग्यारेन्टी गर्नुपर्ने विषयमा पनि बैठकमा गम्भीर छलफल भएको छ।

#### मलको समस्या अब समाधान हुन्छ : प्रधानमन्त्री

प्रधानमन्त्री बालेनले देशमा व्याप्त मलको अभावको समस्या अब समाधान हुने आश्वासन दिएका छन्। मुख्यमन्त्रीहरूले मलको समस्या कहिल्यै समाधान नभएको भन्दै यो समस्या निराकरण गर्न विशेष माग गरेका थिए। बाली लगाउने समयमा सधैंजसो नेपालमा रासायनिक मलको समस्या हुँदै आएको छ। तर, प्रधानमन्त्रीले अब मलको समस्या समाधान हुन्छ भन्ने आश्वासन दिएको मधेसका मुख्यमन्त्री यादवले जानकारी दिए।

मरिण-सुनकोशी डाइभर्सन तथा मरिण-कोशी-कमला डाइभर्सन जस्ता ठूला सिँचाइ आयोजनाहरूलाई तीव्रता दिने कुरा भएको उनले बताए। राष्ट्रिय गौरवका यी आयोजनाहरूको काम भने अहिले पनि भइरहेको छ।

गाडी र सामानको आवतजावतमा भन्सारसम्बन्धी सहजीकरण गर्ने, तर ठूला तस्कर र लागुऔषध नियन्त्रणमा भने कडाइ गर्ने प्रधानमन्त्रीले प्रतिबद्धता जनाएका छन्। गिट्टी-बालुवाको अनियन्त्रित उत्खननले मधेस मरुभूमीकरण हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै प्राविधिक मापदण्डका आधारमा उत्खनन गरी निर्यात गर्ने र त्यसबाट प्राप्त राजस्वले चुरे संरक्षण र पानी रिचार्ज गर्ने योजना प्रस्तुत गरिएको मधेसका मुख्यमन्त्री यादवले बताए।

» बाँकी पृष्ठ ६